# कानून व्यवसायी बृति बिकाश तथा अनुसन्धान कोष
# सम्बन्धि विनियमावली
# २०७३

कानून व्यवसायीहरुको वृत्ति विकास तथा कानुनको अध्यायन अनुसन्धान गर्न बाञ्छनीय भएकाले नेपाल बार एशोसिएशनको विधान २०४८ को धारा ५३ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल बार एशोसिएशनको कार्यसमितिले केन्द्रीय कार्यकारिणी परिषदको पोखरामा बसेको ४४ औं बैठकको स्वीकृति लिएर देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यो विनियमावलीको नाम, "कानून व्यवसायी बृति बिकाश तथा अनुसन्धान कोष" विनियमावली २०७३ रहेको छ ।

(२) यो विनियमावली नेपाल बार एशोसिएशन कार्यसमितिले तोकेको मिति देखि लागु हुनेछ ।

(३) यो विनियमावली कानून व्यवसायीलाई लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :

(१) "कानून व्यवसायी" भन्नाले वरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ता र अभिकर्तालाई सम्झनु पर्छ ।

(२) "कोष" भन्नाले कानून व्यवसायी बृति बिकाश तथा अनुसन्धान  कोष सम्झनु पर्दछ ।

(३) "कार्यसमिति" भन्नाले ने.बा.ए.को केन्द्रीय कार्यसमितिलाई जनाउनेछ ।

(४) "परिषद" भन्नाले नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यकारिणी परिषदलाई सम्झनु पर्छ ।

(५) "समिति" भन्नाले विनियम ४ अन्तरगत गठित समितिलाई सम्झनु पर्छ ।

३. **समितिको गठन :**

(१) कोष संचालनका निमित्त कम्तिमा  १५  जनाको एउटा समिति रहनेछ ।

(२) उपविनियम (१) को समितिमा देहायका संचालकहरु रहने छन ।

(क) नेपाल बार एशोसिएशनको कार्य समितिले तोकेको उपाध्यक्ष - संयोजक

(ख) नेबाए केन्दीय कोषाध्यक्ष  -संचालक

(ग) संबैधानिक कानुन, बाणिज्य कानुन, फौज्दारी कानुन, अन्तराष्ट्रिय कानून, वाताबरण कानुन, देवानी कानुन लगायतमा बिशेषज्ञता प्राप्त गरेकाबाट एक एक जना नेबाएले मनोनित गरेका ७ जना - संचालक

(घ) बरिष्ठ अधिबक्ता तथा अधिबक्ताहरुबाट केन्द्रीय कार्य समितिले मनोनित गरेका महिला समेत ६ जना - सचांलक ।

(३) उपविनियम (२) को खण्ड (ग) बमोजिमको संचालकको कार्यवधि मनोनयन भएको मितिले तीन वर्षको हुनेछ ।

४. **संचालकको अयोग्यता :** देहायको व्यक्ति समितिको संचालक हुन अयोग्य मानिनेछ :

(१) कम्तिमा १५ वर्षसम्म कानून व्यवसायीको हैसियतले कार्य नगरेको व्यक्ति ।

(२) कोषसंग ठेक्का पट्टा लिएको वा त्यस्तो ठेक्का पट्टामा सम्मिलित भएको व्यक्ति ।

५. **समितिको बैठक :**

(१) संयोजकले तोकेको मिति र स्थानमा समितिको बैठक बस्ने छ र दुई बैठकको वीचको अवधि तीन महिना भन्दा बढी हुने छैन ।

(२) कम्तीमा ८ जना संचालक उपस्थित भएमा समितिको बैठक बस्ने सक्नेछ । यो विनियमावलीको उद्देश्य पूर्ति गर्नको लागि आवश्यक सबै कार्यहरु समितिले गर्न सक्नेछ ।

(३) संयोजकको स्वीकृति विना तीन पटक भन्दा बढी अनुपस्थित हुने संचालकलाई समितिले चाहेमा संचालकबाट हटाउन कार्यसमितिलाई सिफारिश गर्न सक्नेछ ।

(४) कार्यसमिति समक्ष दिएको राजिनामा स्वीकृत भएपछि संचालक पदबाट हट्ने छ ।

(५) संयोजकको अनुपस्थितिमा बैठकको अध्यक्षता विनियम ४ को उपनियम (ख) बमोजिम नियुक्त संचालकले गर्नेछ ।

## परिच्छेद २

## कोषको स्थापना र स्रोत ब्याबस्थापन

६. **कोषको स्थापना :**

(१) कानून व्यवसायी बृति बिकाश तथा अनुसन्धान कोष नामको एक कोष स्थापना गरिनेछ । कोषमा निम्न लिखित रकमहरु जम्मा गरिनेछ र यो विनियमावली वा यस अन्तरगतको निर्णयहरुमा व्यवस्था भए बमोजिम गर्नु पर्ने सबै कामकाजको निमित्त यो कोषबाट खर्च व्यहोरिने छ ।

(क) कोषको आर्थिक सहायताको निमित्त स्वदेशी वा विदेशी सरकार वा गैर सरकारी सस्था वा व्यक्तिले दिएका सबै रकम ।

(ख) आय कर ऐन, २०५८ को दफा १२ अन्तरगत कानुन ब्यबसायीले दिएको सहयोग अनुदान रकम ।

(ग) कोषलाई अन्य श्रोतबाट प्राप्त हुने सबै रकम ।

(२) कोषको रकम कार्यसमितिको स्वीकृति लिई समितिले तोकेको बैंक वा वित्त सस्थामा खाता खोली जम्मा गर्ने छ ।

७. **सहयोग तथा सहभागी हुन फाराम भर्नु पर्ने :**

(१) यो कोषको सहभागी हुन चाहने कानून व्यवसायीले अनुसूचि (१) बमोजिमको दुई प्रति फाराम रितपूर्वक भरी आफ्नो ईकाई मार्फत रु.१,०००।- समेत साथै राखी पेश गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम सहयोग गर्न चाहेको रकम र अनुसन्धान गर्न खोजेको बिषय खोली समितिमा पठाउनु पर्नेछ ।

(३) उपविनियम (१) को रकम एक पटक मात्र बुझाउनु पर्नेछ ।

(४) सो फाराममा लेखिएको व्यहोरा अध्ययन गरी समितिले रकम जम्मा गर्ने स्वीकृत दिन सक्नेछ ।

८. **सहयोग रकम जम्मा गर्ने :**

(१) यस बिनियमको ६(ख) मा सहभागी हुने कानून व्यवसायीको दरखास्त फाराम स्वीकृति भएपछि बार्षिक रुपमा नियमित रकम जम्मा गर्न सक्नेछन् ।

(२) उपनियम (१) को निर्धारित रकमको अतिरिक्त थप रकम पनि जम्मा गर्न सक्नेछन् ।

(३) कानुन ब्यबसायीले अध्यायन अनुसन्धान गर्नका लागि कुनै स्रोत साधन जुटाएको रहेछ भने सो कुराको बिस्तृत बिबरण पेश गरी स्वीकृती लिनु पर्नेछ ।

(४) यसरी सहयोग प्राप्त हुने रकम नेबाएको खातामा अनिबार्य रुपमा जम्मा गर्नु पर्ने छ ।

९. **लेखा ब्यबस्थापन :**

(१) कानून व्यवसायी बृति बिकाश तथा अनुसन्धान कोषको हिसाब किताब छुट्टै राखिनेछ ।

(२) समितिले कानुन ब्यबसायीहरुबाट सहयोग प्राप्त रकमको छुट्टै अभिलेख राखी पारदर्शी गरिनेछ ।

(३) यस कोषमा प्राप्त भएको रकम अन्य क्षेत्रमा खर्च गरिने छैन ।

(४) नेबाएको लेखापरिक्षण गर्दा छुट्टै तालिका बनाई लेखा परिक्षण गराईनेछ ।

(५) यस कोषमा जम्मा हुने रकमको बैकमा छुट्टै खाता खोली सन्चालन गरिनेछ ।

## परिच्छेद ३

## कानुन ब्यबसायी बृति बिकाश तथा अनुसन्धान कोषले गर्ने कार्य

१०. **कोषले गर्ने काम :**

(१) विनियम (८) बमोजिम रकम जम्मा भएपछि कानून व्यवसायीको बृति बिकाशका लागी तालिमको ब्यबस्था गरिनेछ ।

(२) तालिमको ब्यबस्था गरिदाँ प्रत्येक प्रान्तको कार्य क्षेत्र भित्रका बार इकाईहरुलाई समेट्ने गरी ब्यबस्था मिलाईनेछ ।

(३( प्रत्येक आर्थिक वर्षमा एक प्रान्तमा दुई बिषय बस्तुमा आधारित तालिमको ब्यबस्था गरिनेछ ।

(४) तालिम के कस्तो बिषय बस्तुमा गरिने भन्ने सवालमा समितिले निर्धारण गर्नेछ ।

(५) सर्बोच्च अदालतबाट स्थापित भएका नजिरहरुको मूल्याङ्कन र एकरुपताको ब्यबस्था गरिनेछ ।

(६) संबैधानिक कानुन, बाणिज्य कानुन, फैज्दारी कानुन, वाताबरण कानुन, देवानी कानुन, अन्तराष्ट्रिय कानून लगायत राज्यले बनाएका कानुनको अध्यायन अनुसन्धान गरिनेछ ।

(७) राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा बनेका कानुनको अध्यायन अनुसन्धान गरी तालिम गोष्ठीको आयोजना गरिनेछ ।

११. **पुरष्कारको ब्यबस्था :**

(१) यस कोषमा सहयोग अनुदान दिन हुन कानुन ब्यबसायीहरुको अभिलेख राखीनेछ ।

(२) अभिलेखका आधारमा एक आर्थिक बषर्मा वा पटक पटक गरी रु १,००,०००। सम्म सहयोग, अनुदान दिनुहुने कानुन ब्यबसायीलाई नेबाएको वार्षिक साधारण सभा वा कार्यकारिणी परिषद्को सभामा नेबाएले सुनको लोगो र कदर-पत्रले सम्मान गरिनेछ ।

(३) यसरी पटक पटक गरी पाँच आर्थिक बर्षमा रु ५,००,०००। सहयोग अनुदान गर्न हुने कानुन ब्यबसायीलाई नेबाएको सुनको लोगोमा हिरा जडित लोगो र कदर पत्र सहित राष्ट्रिय सम्मेलनमा सम्मान गरिनेछ ।

## परिच्छेद ४

## बिबिध

१२. यस विनियमावलीमा प्रदान गरिने भनिएको बृति बिकाश तालिम र अनुसन्धान समितिको सिफारिशमा कार्यसमितिले तोकिएको मिति देखि लागु हुनेछ ।

१३. यस विनियमावलीको प्रयोजनको लागि गर्नु पर्ने आवश्यक पत्राचार वा कुनै आदेश निर्देशनको कार्यान्वयन गर्ने जिम्मेवारी कार्यसमितिबाट नियुक्त भएको सचिवले गर्नेछ । तर त्यस्तो सचिवको नियुक्ती नभएसम्मका लागि समिति उपरमानै सो कार्यहरु गर्ने गराउने जिम्मेवारी हुनेछ ।

१४. यो विनियमावलीमा कुनै संशोधन गर्नु पर्ने आवश्यक भएमा, समितिको सिफारिशमा आवश्यक संशोधन कार्यसमितिले गर्न सक्नेछ । यसरी गरिएको संशोधन लगतै बस्ने कार्यकारिणी परिषदको बैठकमा कार्यसमितिले जानकारी गराउनु पर्नेछ ।